नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरवार, काठमाडौं

पत्र संख्याः २०७६।०७७
चलानी नम्वरः २8

फो.नं. ०१-४२४०२३९
फ्याक्स : ०१-४२५८२४०
मितिः २०७६/०४/१५

**विषय : अनलाइन घटना दर्ता (VERSP-MIS) तालिम सम्वन्धमा ।**

**श्री बर्दघाट, रामग्राम, सुनवल नगर कार्यपालिकाको कार्यालय,**
**श्री सुस्ता, पाल्हीनन्दन, प्रतापपुर, सरावल गाउँ कार्यपालिकाको कार्यालय,**
**नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) ।**

उपर्युक्त विषयमा व्यक्तिगत घटना दर्ता एवं सामाजिक सुरक्षा सम्वन्धी अनलाइन घटना दर्ता (VERSP-MIS) तीन दिने प्रशिक्षण कार्यक्रम तपसील बमोजिमको मिति, समय र स्थानमा संचालन हुने भएकोले त्यस कार्यालय र अर्न्तगतका वडा कार्यालयबाट सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्वन्धी कार्य गर्ने कम्प्युटर सम्बन्धी ज्ञान भएका युनिकोडमा टाईप गर्न सक्ने तपसिल बमोजिमको कर्मचारीहरु सहभागि गराउनुहुन निर्देशानुसार अनुरोध छ।

(कमला घिमिरे)
शाखा अधिकृत

**तपसिल :**

१) तालिम संचालन हुने मिति : २०७६/०४/२४ देखि २०७६/०४/२६ सम्म ।
२) समय : विहान ८ :00 बजे देखि बेलुका ६ : ३० बजे सम्म ।
३) स्थान : **पछि तय गरिनेछ ।**
४) सहभागिहरु मिति २०७६/०४/२४ गते विहाने ८ :00 बजे तालिम संचालन हुने स्थानमा आई सक्नु पर्नेछ ।
५) सहभागीहरुले ल्यापटप र कार्यालयबाट मनोनित गरिएको पत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।
६) पालिकाहरुले डिजिटाइजेशनको पत्र पनि ल्याउनुपर्नेछ ।
७) अनलाईनमा व्यक्तिगत घटना दर्ता नभएका वडा कार्यालय स्थानीय पञ्जीकाधिकारी र भएका वडकालागि यसअघि तालिम नलिएका कर्मचारी पठाउनुपर्नेछ ।
८) सहभागीको दैनिक तथा भ्रमण भत्ता आफ्नै कार्यालयबाट व्यहोर्नु पर्नेछ ।
९) तालिमसम्बन्धी थप जानकारीको लागि विभागका क.अ श्री सरोज उपाध्यायलाई मोबाईल नम्बर ९८५१०६३१७४ मा सम्पर्क गर्न सकिनेछ ।
१०) सहभागीको विवरण :

| सि.नं | कार्यालयको नाम | वडा सहभागी | केन्द्र | कैफियत |
|---|---|---|---|---|
| १ | बर्दघाट नगरपालिका | ८ | १ | |
| २ | रामग्राम नगरपालिका | ८ | १ | |
| ३ | सुनवल नगरपालिका | ८ | १ | |
| ४ | सुस्ता गाउँपालिका | ५ | १ | |
| ५ | पाल्हीनन्दन गाउँपालिका | ५ | १ | |
| ६ | प्रतापपुर गाउँपालिका | ५ | १ | |
| ७ | सरावल गाउँपालिका | ५ | १ | |

Email: info@nidmc.gov.np/ URL: www.nidmc.gov.np
नतिजामुखी प्रशासनः समृद्धि र सुशासन